# भर्ना हुने दिनसम्मको तालिका

| सेप्टेम्बर | जनवरी | मार्च | अप्रिल |
| --- | --- | --- | --- |
| भर्ना निवेदन · परामर्श | भर्ना भएको व्यक्तिको निर्धारण | भर्ना सम्बन्धित जानकारी कार्यक्रम | भर्ना |

# विध्यालयको स्थान

## टोयोटा जुनियर हाई स्कूल

〒471-0035
14-65 कोसाकाचो,
टोयोटा सिटी, आइची प्रिफेक्चर
(टोयोटा निशी हाई स्कूल भित्र)



Google Map




विध्यालयको स्थानलाई मतलब नगरी,
अन्य विध्यालय पनि छनोट गर्न सकिन्छ!

तोयोहासी माध्यमिक विध्यालयको | कोमाकी जुनियर हाई स्कूल | इचिनोमिया जुनियर हाई स्कूल

भिडियो द्वारा विस्तृत जानकारी दिईरहेका छौ




कोड मोबाईल द्वारा स्क्यान गर्नु भएमा भिडियो हेर्नु सक्नु हुने छ

## सोधपुछको लागि

### टोयोटा जुनियर हाई स्कूल

फोन
**0565-41-5116**

इमेल
Toyota-chu@pref.aichi.lg.jp

# टोयोटा जुनियर हाई स्कूल विध्यालयको परिचय



रात्रि माध्यमिकविद्यालयमाआफ्नासाथीहरुसंगपढनुहुन्न?




愛知県

पल्टाएर, अझै पढौ!

# रात्री माध्यमिक विध्यालय यस्तो स्थान हो



हप्ताको ५ दिन, सोमबार देखि शुक्रबार सम्म, हरेक दिन कक्षा हुन्छ।

दिनमा पढाई हुने माध्यमिक विध्यालयको जस्तै पाठ्यपुस्तक पढाईन्छ।

शिक्षण लाइसेन्स भएको शिक्षकले पढाउने छन्

तोकिएको निर्दिष्ट पाठ्यक्रम पूरा गरेमा, माध्यमिक विद्यालयबाट स्नातक हुनेछ

# यस्तो व्यक्ति भर्ना हुन सक्छन्

अनिवार्य शिक्षाको उमेर (१५ साल) भन्दा माथिका व्यक्ति,आईची प्रान्तमा बसोबास रहेर, अथवा कम्पनीमा कार्यरततलको कुनै अवस्था मिलेमा, भर्ना हुन सकिन्छ।



प्राथमिक विध्यालय वा माध्यमिक विध्यालयको पढाई समापन नगरेका व्यक्ति

विदेशी नागरिकहरूले पनि भर्ना हुन सक्छन्।

पूर्ण रुपमा शिक्षा नलिएको र पुन शिक्षा लिन चाहने व्यक्ति



## [म पनि यसमा पर्छु होला?]
## जस्तो लागेमा अवश्य सम्पर्क गर्नुहोस्

विवरणका लागि यहाँ हेर्नुहोस्

# रकम

**कक्षा तथा पाठ्यपुस्तक जस्ता पाठ्य सामाग्री निःशुल्क छन्।**

शिक्षण सामग्री शुल्क, कार्यक्रममा सहभागीता शुल्क, विध्यालयको खाजा शुल्कको भुक्तानी गर्न आवश्यक छ।



# समय तालिकाको बारेमा

दिनमा पढाई हुने विध्यालय जस्तै समान, सिद्धान्तमा ३ वर्षको लागि अध्ययन गर्छन्।

※पढाईको स्तरलाई ध्यानमा राखी, पढाईलाई छोटो अथवा बढीमा ६ वर्षसम्म विस्तार गर्न सकिन्छ।

१ दिनको कक्षा तालिकामा, ४ वटा कक्षा (१ कक्षा : ४० मिनेट) रहन्छ।

| समय | सामाग्री |
|---|---|
| 17:05～17:35 | विध्यालयबाट प्रदान गरिने खाजा ※ईच्छुक व्यक्ति |
| 17:35～17:45 | होम रुम / होम कक्षा |
| 17:45～18:25 | १ कक्षा (पहिलो घण्टी ) |
| 18:35～19:15 | २ कक्षा (दोस्रो घण्टी ) |
| 19:25～20:05 | ३ कक्षा (तेस्रो घण्टी ) |
| 20:15～20:55 | ४ कक्षा (चौथो घण्टा ) |
| 20:55～21:00 | होम रुम / होम कक्षा |




कक्षा शुरु हुन अगाडिको समयमा, कक्षामा नबुझेका विषयको बारेमा प्रश्न गर्न सकिन्छ।

# पाठ्यक्रम विषय बस्तुको बारेमा

तलको विषयबाट एउटा छनोट गरेर १ वर्ष पढिन्छ।

**पढाईको स्तर संग मिलेको विषय**

प्राथमिक विध्यालयको पुन अध्ययन पनि समावेश

### आधारभूत पाठ्यक्रम
➡ माध्यमिक विध्यालय १ सालमा अध्ययन गरिने पाठ्य सामाग्री

### मानक पाठ्यक्रम
➡ माध्यमिक विध्यालय २ सालमा अध्ययन गरिने पाठ्य सामाग्री

### चुनौतिक पाठ्यक्रम
➡ माध्यमिक विध्यालय ३ सालमा अध्ययन गरिने पाठ्य सामाग्री

**जापानी भाषा निर्देशनमा ध्यानकर्षण गरिएको पाठ्यक्रम**

### जापानी भाषा प्रारम्भिक पाठ्यक्रम
➡ जापानी भाषा प्रारम्भिक स्तर देखि शुरुवाती स्तर

### जापानी भाषाको साधारण पाठ्यक्रम
➡ जापानी भाषा शुरुवाती स्तर देखि मध्य स्तर

※प्रत्येक पाठ्यपुस्तकको अध्ययन पनि गरिन्छ।

